**नेपाल सरकार**
**स्वास्थ्य बीमा बोर्ड**
**टेकु, काठमाडौं ।**
**स्टेशनरी तथा मालसामान खरिद सम्बन्धी**
**विद्युतीय बोलपत्र आह्वानको सूचना**
**सूचना नं. : HIB/G/NCB/2078-79/07**
**(प्रथम पटक सूचना प्रकाशित भएको मिति : २०७८।१२।२३**

१. नेपाल सरकार, स्वास्थ्य बीमा बोर्ड, टेकु, काठमाडौले राष्ट्रिय स्तरको खुल्ला बोलपत्र प्रक्रिया अन्तर्गत यस बोर्डका लागि आवश्यक स्टेशनरी सामान तथा अन्य कार्यालय सामानहरु खरिद सम्बन्धी गर्नका लागि इच्छुक र योग्यता पुगेका व्यक्ति/फर्म/सप्लायर्स/कम्पनीहरुबाट देहाय बमोजिमका शर्तहरुको अधिनमा रही यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन मिति २०७९।०१।२३ गते दिनको १२ बजे भित्रमा E-Bidding मार्फत् सार्वजनिक खरिद अनुगमन कार्यालयको पोर्टल www.bolpatra.gov.np/egp बाट Download गरी वा हेरी Upload गरी पेश गर्न आहवान गरिन्छ ।

| ठेक्का नं. | खरिदको कार्य विवरण | बोलपत्र जमानत रकम रु. | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|
| **HIB/G/NCB/2078-79/07** | **स्टेशनरी मालसामान तथा अन्य कार्यालय सामानहरु सप्लाई** | १,३०,०००/- | ३०००/- |

२. बोलपत्रदाताहरूले यस सम्बन्धी थप जानकारीको लागि यस बोर्डको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन् :
**स्वास्थ्य बीमा बोर्ड, टेकु, काठमाण्डौ, सम्पर्क नं : ०१-४१००२२३, ४१००२२४,** इमेल ठेगाना : info@hib.gov.np साथै यो सूचना website:www.hib.gov.np बाट पनि हेर्न सकिने छ ।

३. बोलपत्रदाताले कारोवारको दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०७७/०७८ को करचुक्ता प्रमाणपत्र समेतको प्रतिलिपि संलग्न राखी निवेदन सहित Upload गर्नु पर्नेछ ।

४. बोलपत्रदाताले माथि उल्लेख भए अनुसारको Bid Security रकम नगदै जम्मा गरेमा को.ले.नि.का. त्रिपुरेश्वरको नाममा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, टेकु, काठमाण्डौको धरौटी खाता नं. १७००१००१०२०३०००० , कार्यालय कोड नं. ३७०३१३५०१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिले कम्तिमा १२० दिन म्याद भएको इजाजत प्राप्त कुनैपनि बाणिज्य बैंक वा बित्तिय सँस्थाबाट यस बोर्डको नाममा जारी भएको सोही रकम बराबरको बोलपत्र जमानत (बिडबण्ड) को सक्कलै पत्र स्क्यान गरी E-Bidding मार्फत् बोलपत्र साथ Upload गर्नु पर्नेछ ।

५. बोलपत्रदाताले माथि उल्लेख भए अनुसारको बोलपत्र दस्तुर (Bid Document) बापतको रकम यस बोर्डको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, टेकु, काठमाण्डौको बैंक खाता नं. १०००२०००१०००० , राजस्व शीर्षक नं. १४२२९, कार्यालयको कोड नं. ३७०३१३५०१ मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर स्क्यान गरी E-Bidding मार्फत् बोलपत्र साथ Upload गर्नु पर्नेछ ।

६. बोलपत्र पेश गर्न चाहने संस्थाहरुको बिगत ३ आ.व.को औसत वार्षिक कारोबार न्यूनतम रु. ३० लाख हुनुपर्नेछ र कम्तीमा कुनै एक सरकारी निकायसंग वार्षिक रु. १५ लाख भन्दा माथिको कारोबार गरेको अनुभव पत्र पेश गर्नु पर्नेछ ।

७. बोलपत्र दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिनको सोही समयमा हुनेछ । तोकिएको म्याद भित्र प्राप्त भएका बोलपत्रहरू मिति **२०७९।०१।२३ गते अपरान्ह २:०० बजे** बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहबरमा यस बोर्डको कार्यालयमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन ।